# विदेह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तिनकौरिया, धनुषा
### मधेश प्रदेश, नेपाल

# दरभाउपत्र आव्हानको सूचना

सूचना प्रकाशित मिति : २०८२/०२/२३

यस कार्यालयबाट चालु आ.व.२०८१/०८२ मा तपशिलमा उल्लेखित खरिद कार्य ठेक्काबाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट ईजाजत पत्र प्राप्त योग्य फर्म/सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

**शर्तहरु**

१. दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्द्र) औं दिन भित्र यस कार्यालयको एन.आई.सि. एशिया बैंक, तिनकौरिया शाखामा रहेको खाता नं. D5CA052419752406 मा रु. १०००/- (रु. एक हजार, पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर वा नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको फर्म ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व.०८०/८१ सम्मको कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि निवेदन साथ पेश गरी कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२. रितपुर्वक भरिएको दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोरह) औं दिन, दिनको १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। साथै सोही दिनको २.०० बजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा दरभाउपत्र खोलिनेछ, दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. दरभाउपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालंको एन.आई.सि. एशिया बैंक, तिनकौरिया शाखामा रहेको ध रौटी खाता नं. D5CA052419752403 मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटिमा चार महिनाको म्याद भएको सक्कल बिडबण्ड (Bid Security) पेश गर्नु पर्ने छ।

४. दरभाउपत्रमा दररेट उल्लेख गर्दा Bill Of Quantity को प्रत्येक Item को अंक र अक्षर दुवैमा स्पष्ट भर्नु पर्नेछ। केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

५. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ।

६. दरभाउपत्र दाखिला गर्दा सिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

७. दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विंदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।

८. एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन्।

९. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन।

१०. दरभाउपत्र आंशिक रुपमा वा पुर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

११. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) अनुसार हुनेछ।

तपशिल:

| सि. नं. | ठे.नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई. रकम (भ्याट बाहेक) | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १. | ३/२०८१/०८२ | दरभाउपत्र | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानेटरी प्याड व्यवस्थापन | १६४५७१२.५० | ४६५००.०० |

प्रमुख प्रशासकिय अधिकृत